नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत नियमन आयोगको अध्यक्ष र सदस्यको नियुक्ति सिफारिस समिति

## रणनीति र कार्य योजनाको ढाँचा र दायराः

१. कार्य योजनामा देहायका विषयहरु समावेश भएको हुनु पर्नेछः

(क) नेपालको विद्युत क्षेत्रको वर्तमान अवस्था तथा नियमनको आवश्यकता (बढीमा तीन पेजसम्म)

(ख) आयोगका चुनौति तथा अवसरको विश्लेषण (बढीमा तीन पेजसम्म)

(ग) रणनीतिक कार्य योजनाः रणनीतिक कार्य योजनामा देहायका विषयहरु समेटिएको हुनुपर्नेछः (बढीमा सात पेजसम्म)

- प्राविधिक व्यवस्थापन
- महशुल निर्धारण तथा विद्युत खरिदबिक्रिको नियमन
- प्रतिस्पर्धा तथा उपभोक्ताको हित संरक्षण
- संगठनात्मक क्षमता अभिवृद्धि
- विद्युत प्रणालीको गुणस्तर र सुरक्षास्तर कायम राख्न सुझाव

(घ) रणनीतिक कार्ययोजनाको कार्यान्वयन पक्षको विश्लेषण (कार्यान्वयन तालिका समेत) (बढीमा छ पेजसम्म)

२. कार्ययोजना नेपाली वा अग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

३. कार्य योजना नेपाली भाषामा तयार गर्ने भए युनिकोड फन्ट साइज १२ र अंग्रेजी भाषामा भए Times New Roman फन्ट साइज १२ मा टाइप भएको हुनु पर्नेछ ।

४. उम्मेदवारले आवेदनसाथ आफूले तयार गरेको रणनीति तथा कार्ययोजनाको ३ (तीन) प्रति पेस गर्नुपर्नेछ र यसरी पेस गरिने कार्ययोजनामा बाहिरी पृष्ठ (Cover Page) मा बाहेक अन्यत्र कुनै पनि पेजमा आफूलाई पहिचान गराउने गरी आफ्नो नाम वा कुनै संकेत वा कुनै चिन्ह उल्लेख गर्न पाइने छैन ।

५. कार्य योजना प्रस्तुतिको लागि प्रत्येक उम्मेदवारलाई ३० मिनेट समय प्रदान गरिनेछ ।

६. रणनीति र कार्ययोजनाको प्रत्येक पेजको पुच्छर भागमा दायाँपट्टि पर्ने गरि पेज नम्बर उल्लेख गर्नुपर्नेछ ।